घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

**खण्ड : ४) जोमसोम, चैत्र २२ गते, २०८० साल (संख्या : ९ )**

## भाग - २

**घरपझोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङको**
**सूचना**

**घरपभ्फोङ गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८०**

**प्रस्तावनाः**

घरपभ्फोङ गाउँपालिकामा रहेका सार्वजनिक सम्पत्तिको संरक्षण लगायत समुदायमा स्थनीय कानूनको परिपालना गराई सुव्यवस्था कायम राख्न गाउँपालिकाको आफ्नै नगर प्रहरी संगठन स्थापना र संचालन गर्न वान्छनीय भएकोले घरपभ्फोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी घरपभ्फोङ गाउँपालिकाको नगर प्रहरी गठन, सञ्चालन तथा व्यवस्थापन गर्न यो कार्यविधि जारी गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"घरपभ्फोङ गाउँपालिकाको नगर प्रहरी गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८०"** रहने छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट पारित भई घरपझोङ स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेका यस कार्यविधिमा

क) "अध्यक्ष" भन्नाले गाउँपालिकाका अध्यक्षलाई सम्झानु पर्दछ ।

ख) "कार्यविधि" भन्नाले घरपझोङ गाउँपालिकाको नगर प्रहरी गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यवित्रि, २०८० लाई सम्झनु पर्दछ ।

ग) "कार्यालय" भन्नाले घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) "गाउँपालिका" भन्नाले घरपझोङ गाउँपालिकालाई सम्झानु पर्दछ ।

ङ) "गाउँसभा" भन्नाले घरपझोङ गाउँसभालाई सम्झनु पर्दछ ।

च) "गाउँ कार्यपालिका वा कार्यपालिका" भन्नाले घरपझोङ गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झानु पर्दछ ।

ज) "नगर प्रहरी" भन्नाले यस कार्यविधि अन्तर्गत घरपझोङ गाउँपालिकाले नियुक्ति गरेका नगर प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## नगर प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण :

३. **नगर प्रहरीको गठन**: १) यस कार्यविधि बमोजिम गाउँपालिकाले नगर प्रहरी गठन गर्नेछ ।

२) उपदफा १ को प्रयोजनको लागि प्रहरीको गठन र रहने पदहरुको संख्या निर्धारण गाउँसभाले तोके बमोजिम हुनेछ ।

४. **प्रहरी सेवाको रेखदेख र नियन्त्रण**: १) गाउँपालिकामा गठन हुने नगर प्रहरीको रेखदेख र नियन्त्रण यसै कार्यविधि र प्रचलित कानुन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

## परिच्छेद ३

## प्रहरीको काम, कर्तव्य र अधिकारः

**५. <u>प्रहरी कर्मचारीको कर्तव्यः</u>** १) प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने ,

ख) गाउँपालिकाको चल अचल सम्पत्तीको सुरक्षा र संरक्षण गर्ने,

ग) स्थानीयस्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चार्डपर्वको समयमा सूरक्षाको व्यवस्थापन गर्ने,

घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

ङ) गाउँपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने,

च) न्यायिक समितिले गरेको मिलापत्र तथा नियन्त्रणको कार्यन्वयन सम्बन्धी कार्य गर्ने,

छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा गर्ने,

ज) विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुर्नस्थापना सम्बन्धी कार्य गर्ने,

झ) स्थानीय प्राकृतिक श्रोत र अचल सम्पत्तिको संरक्षण र चोरी निकासी नियन्त्रण गर्ने सम्बन्धी कार्य गर्ने,

ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने,

ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ती अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धी कार्य गर्ने,

ठ) कार्यालयले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ४

**६. <u>नगर प्रहरीको दरबन्दी सृजनाः</u>** १) गाउँपालिकामा रहने नगर प्रहरी कर्मचारीको दरबन्दी सृजना र खारेजी सम्बन्धी कार्य गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

२) नगर प्रहरीको दरबन्दी सृजना गर्दा त्यस्तो दरबन्दी रहने पदले गर्ने कार्य विवरण, अल्पकालिन तथा दीर्घकालिन रुपमा पर्ने आर्थिक दायित्वको विश्लेषण गरी गर्नु पर्नेछ ।

**७. नगर प्रहरीमा रहने पदहरु:** १) नगर प्रहरीमा देहाय बमोजिमका पदहरु रहनेछन् ।

क) नगर प्रहरी हवल्दार (सहायक स्तर चौथो तह) - १ जना

ख) नगर प्रहरी जवान (श्रेणीविहिन), कम्तिमा १ जना महिला - २ जना

ग) नगर प्रहरीमा पदहरुको संख्या गाउँसभाले तोके बमोजिम हुनेछ ।

**८. पदपुर्तिको प्रकृया र पदपुर्ति समितिको गठन:** १) घरपझोङ गाउँपालिकाको करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

**९. करार सेवामा नियुक्ति गर्नु पर्ने:** १) यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख गरेको भएता पनि नगर प्रहरीको कुनै पदमा पदपुर्ति गर्नु परेमा करारमा पदपूर्ति गर्नु पर्नेछ ।

**१०. नगर प्रहरीको आवश्यक योग्यता:** (१) नगर प्रहरीको योग्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) नगर प्रहरी सहायक चौथो तह (हवल्दार) को लागि : कुनै विषय लिई माध्यमिक शिक्षा उर्तिण गरी १८ बर्ष पुरा गरी ४० बर्ष उमेर ननाघेको,

ख) नगर प्रहरी जवानका लागि आधाभुत शिक्षा वा सो सरह उतीण गरी १८ बर्ष पुरा भई ४० बर्ष उमेर ननाघेको ।

२) उपदफा (१) को प्रकरण नं. क र ख बमोजिमका पदमा नियुक्ति गर्दा नेपाल प्रहरी एवंम् नेपाली सेनाबाट निवृत भएका वा उपदान सेवा लिई राजिनामा गरेका वा प्रहरी सेवा सम्बन्धित तालिम प्राप्त भएका योग्य उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।

३) दफा ७ को उपदफा (१) क र ख बमोजिमका नगर प्रहरीको नियुक्ति गर्दा पदपुर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनेछ ।

४) नियुक्ति लिन आउँदा निरोगीताको प्रमाण-पत्र समेत पेश गर्नु पर्नेछ ।

**११. विज्ञापन तथा छनौट सम्बन्धी व्यवस्था:** नगर प्रहरी भर्नाको लागि विज्ञापन तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

१) नगर प्रहरी भर्नाका लागि योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकि सम्बन्धित कार्यालयको सूचनापाटीमा, वेवसाईटमा तथा अन्य कुनै सार्वजनिक स्थलमा १५ दिनको सूचना प्रकाशन गर्नु पर्नेछ ।

२) सूचनामा तोकिएका कागज पत्रहरु संलग्न साथ निवेदन सहित तोकिएको समय भित्र आवेदन दिनु पर्नेछ । आवेदन दस्तुर नेपाल प्रहरीको दरखास्त दस्तुर बमोजिम हुनेछ ।

३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु उपदफा (४) बमोजिमको समितिले मुल्याङ्कन गरी छनौट गर्नुपर्नेछ ।

४) उम्मेदवारको छनौटको प्रक्रिया "घरपझोङ गाउँपालिकाको करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-२०७५" बमोजिम हुनेछ ।

## परिच्छेद ५

**१२. <u>सजायः</u>** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

क) नसिहत दिने

ख) तलब बृद्धि रोक्का गर्ने

ग) तल्लो तहमा घटुवा गर्ने

घ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलब भत्ताबाट कट्टी गरी असुल गरिने ।

ङ) भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गर्ने ।

**१३. नसिहत दिनः** १) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

२) उपदफा (१) बमोजिम १ बर्षमा ३ पटक भन्दा बढी नसिहत पाएमा नगर प्रहरी कर्मचारीलाई प्रकृया पुरा गरी सेवाबाट हटाईने छ ।

**१४. तलब वा बढुवा रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

**१५. तह र तलब घटाउनः** १) कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा निजलाई १ तह घटुवा गरी सोही घटुवा भएको तहको तलब भत्ता उपलब्ध गराईनेछ ।

क) सन्तोषजनक काम नगरेमा

ख) अनुशासनहिन काम गरेमा

ग) आचरण सम्बन्धी ऐन उल्लंघन गरेमा

घ) गाउँपालिकाले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा

ङ) मनासिव कारण बिना बिदा स्वीकृत नगराई बिदा बसेमा

च) तोकिए बमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा पुरा नगरेमा

**१६. <u>सेवाबाट हटाउने वा बर्खास्त गर्नेः</u>** १) नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारण आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेमा

ख) राजनीतिमा भाग लिएमा

ग) बारम्बार अनुशासनहिन काम गरेमा

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट प्रमाणित भएमा

ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी हिडेमा

च) प्रचलित कानून बमोजिम भ्रष्टचारजन्य कसुर गरेमा

छ) पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा

ज) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा

**१७. <u>सजाय सम्बन्धी कार्यविधिः</u>** १) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघी कारवाही गर्न थालिएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो सफाई पेश गर्न आदेश दिँदा गराईएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्दछ । त्यस्तो नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नु पर्दछ ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको भए सोही अनुसार वा प्रचलित कानून बमोजिम गरिन सकिनेछ ।

## परिच्छेद ६

## तलब भत्ता, सेवा सुविधा सम्बन्धी व्यवस्था

**१८. पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधाः** १) नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त र सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करारको म्याद नियमानुसार थप गर्न सक्नेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य सम्पादन स्तर सन्तोषजनक नरहेको नगर प्रहरीको सेवा करार सम्झौता कार्यालयले जुनसुकै समयमा रद्द गर्न सक्नेछ ।

## परिच्छेद ७

**१९. पोशाक र चिन्हः** नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ८

**२०. तालिमः** १) छनौट भएका नगर प्रहरीलाई औपचारिक जिम्मेवारीमा खटाउनु पूर्व नेपाल प्रहरी सँगको समन्वयमा न्युनतम् सात दिनको आधारभुत तालिम प्रदान गर्नुपर्नेछ ।

**२१. पुरस्कारः** प्रशंसनीय एवंम् उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई गाउँपालिकाले पुरस्कृत गर्न सक्नेछ ।

**२२. कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया बनाई लागु गर्न सक्नेछ ।

**२३.** नगर प्रहरी सम्बन्धी र नगर प्रहरीले गर्नु पर्ने काम कार्यवाहिको सम्बन्धमा कुने दुविधा उत्पन्न भएको अवस्थामा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

**आज्ञाले**
नाम थरः वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८०/१२/२२